पाल्पा जिल्लाको तानसेनमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बंगुरपालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका २६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ मंसिर १५ गतेदेखि १७ गतेसम्म पाल्पा जिल्लाको तानसेनमा **“ब्यवसायिक बंगुरपालन तालिम”** सम्पन्न गरेको संस्थाका बासटारी कार्यालयका शाखा प्रमुख श्री सीता पाण्डेले जानकारी गराएका थिए । यस तालिममा ४ वाहिरी विशेषज्ञ साथै शाखा प्रमुख श्री सीता पाण्डे तथा क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपान् प्रशिक्षकको रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख शम्भु न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बासटारी शाखाका प्रमुख श्री सीता पाण्डेले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १०

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

बंगुरपालन तालिममा नेपालमा पालिएका स्थानीय र उन्नत जातको बंगुरहरुको उत्पादन क्षमता र बिशेषता, व्यवसायीक बंगुरपालनको लागि खोर व्यवस्थापन र यसको साथै सरसफाई, ब्याउने ब्याएको, थारा बंगुर र बच्चाहरुको व्यवस्थापन, बिभिन्न अवस्थाका बंगुरहरुलाई आहारा व्यस्थापन, बंगुरका लागि प्रजनन् व्यवस्थापन तथा प्रजनन्को लागि उपयुक्त छनौट, जन्मेदेखि दुध छुटाउने अवस्थासम्मको पाठापाठी हेरचाह, बंगुरमा लाग्ने परजीबिबारे जानकारी रोकथाम र उपचार , बंगुरमा लाग्ने जिवाणु , जिवाणुजन्य रोगको जानकारी रोकथाम र उपचार , बंगुरमा लाग्ने बिषाणु बिषाणुजन्य रोगको जानकारी रोकथाम र उपचार, बजार व्यवस्थापन, बंगुरपालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरु आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने बासटारी शाखाका शाखा प्रमुख श्री सीता पाण्डेले बताएका थिए । व्यवसायिक रुपमा बंगुरपालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री राधा राना र श्री मिना नेपालीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बंगुरपालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई व्यवसायमा प्रयोग गरी व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए । संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 